## कोसीटप्पु...

सालमा महेश आचार्य बनमन्त्री हुँदा पनि आरक्ष विस्तारका लागि स्थलगत अध्ययन गरिएको पूर्वमहानिर्देशक श्याम बजिमय सम्झन्छन् ।

'कोसीमा डल्फिन र गोही देखिने भएकाले बाँधसम्मै विस्तार गर्नु उपयुक्त हुन्छ भनिएको हो,' बजिमयले भने, 'अहिलेसम्म भएको छैनर ।' बिभागका इकोलोजिस्ट आचार्यका अनुसार आरक्षको उदयपुरको बेलका नगरपालिकासँग जोडिएको मध्यवर्ती क्षेत्र अतिक्रमणको चपेटामा छ। उनले भने, 'आरक्ष क्षेत्र विस्तार नगरी निकुञ्ज घोषणा गर्नु उपयुक्त देखिन्नर ।' बेलकासँग जोडिएका विभिन्न स्थान र श्रीलंका टापुक्षेत्रमा अतिक्रमण बढेको आरक्षको भनाइ छ । निकुञ्ज घोषणा भए चितवनबाट केही गैंडा कोसीमा स्थानान्तरण गर्ने गरी विभागले अध्ययनसमेत थालेको छ । बासस्थान क्षेत्र बढाउन सकिए गैंडा बाँच्न सक्ने जानकारहरूको मत छ । निकुञ्ज बनाए पर्यटन प्रबर्द्धनमा सहज हुने बुझाइ पनि छ। यसअघि यही आधारमा शुक्लाफाँटा र पर्सा वन्यजन्तु आरक्षलाई पनि निकुञ्ज घोषणा गरिएको थियो। कोसीटप्पुलाई निकुञ्ज बनाइयो भने नेपालमा निकुञ्जको संख्या १३ पुग्नेछ।

आरक्षको धेरैजसो भाग आफ्नो निर्वाचन क्षेत्र (सुनसरी क्षेत्र नं ४) मा पर्ने भएकाले निकुञ्ज घोषणा गर्न कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जोडबल लगाएको स्रोतको भनाइ छ । उनीसँगै स्थानीय बासिन्दा र जनप्रतिनिधिले आग्रह गरेपछि वन तथा वातावरण मन्त्रालयले त्यसबारे प्रक्रिया बढाएको हो। मन्त्री कार्कीले नै वन तथा वातावरणमन्त्रीसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष प्रक्रिया अघि बढाइदिन आग्रह गरेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्राथमिकता दिन भन्दै वन मन्त्रालयलाई पत्राचार गरेको थियो।

मन्त्रालयका प्रवक्ता बुद्धिसागर पौडेलका अनुसार के गर्न सकिन्छ भनेर निकुञ्ज विभागलाई सोधिएको छ। गत भदौ पहिलो साता मन्त्री कार्की र निकुञ्ज विभागका महानिर्देशक दीपककुमार खराललगायतले आरक्षको भ्रमण गरी स्थानीयका मागबारे छलफलसमेत गरेका छन् ।

# गद्दार भन्दैमा आँनो उचाइ बढ्छ गुरु ?

दिनेश रायमाझी

माधवनेपाल र झलनाथखनालहरूले आफ्नो सिंगो राजनीतिकजीवनलाई दाउमालगाए र नयाँपार्टी निर्माण गरे। यो कदमखासै ठूलो नलाग्लाबाहिरका मान्छेहरूलाई तर यो असाधारण र असामान्यकदमहो । तर, माधव, झलनाथको यो कदमलाई एमाले अध्यक्षले नुहाउँदाझर्ने कपाल/रुखबाटझरेको पातको संज्ञादिएकाछन् र एमालेको ठूलो हिस्साले अध्यक्षकै बोलीमालोलीमिलाइरहेको देखिन्छ। माधव-झलनाथहरूको टिमको यो कदमएमालेले भनेको जस्तै हो त ? यस्तो गम्भीर राजनीतिकनिर्णय लिने कार्मबिनाकुनै कारणबाअरुको इशारामामाधव-झलनाथहरूले गरे होलान् त ?उहाँहरू एमालेबाटछुट्टिनुमाआफूहरूबाट के कस्ता कमी-कमजोरी भएका रहेछन् र उनीहरू स्वयं कतिजिम्मेवार होलान् भन्नेबारेमा एमालेले समीक्षा गरेर पाठसिक्ने र यदिगल्तीभएको रहेछ भने सच्याएर अघिबढ्ने कामगर्ला कि उही पुरानै ०५४ सालको प्रदीप नेपाल शैलीअपनाएर टुँडिखेलबाटविभिन्नफत्तुर लगाउने बाटो रोज्ला?किनभने यो कुराले भोलिको दिनमा कस्तो सम्बन्धबन्लाभन्ने कुरा तय गर्छ।

राजनीतिमाकेही कुरा सार्बजनिकउपभोगको निम्तिभन्नैपर्ने हुन्छअर्थात् कतिपय कुरा रेटोरिकलहुन्छन्। माधवनेपालले मलाई अघिलगाएर म धेरै अघिपुगिसकेपछिछोडेर हिंडे भनेको कुरा पब्लिककन्जम्सनको निम्तिथियो । तर माधवनेपालकै जोडमाबिभिन्न पद तथा सुविधाउपभोग गरेकाहरूले उनलाई मुखभरिको जवाफफर्काए।

तीमहानुभावप्रतिजनतामा परेको छापत्यहिनै हो जुन कुरा माधव नेपालले भने। माधवनेपाललाई यो कुरा भन्नैपर्ने अवस्थाथियो, उनले भने। तर, मुखभरि जवाफफर्काउनुपर्ने बाध्यताअरुलाई थिएनतथापितिनले सारा मर्यादा नाघेर माधव नेपाललाई जवाफफर्काए । जनताले देख्ने बाबुभन्ने भनेको त त्यहीहो जो तिनले भन्छन् र जो तिनले गर्छन्। गुट, समूहमा भेलाभएर जे भनेपनितथाअन्यछलफलमातिनले जे बोले वा गरे पनित्यो जनताले जान्ने कुरा भएन। जनताले जान्ने भनेको त टेलिभिजनमातिनले उफ्रिउफ्रीकुर्लेको, कविताबाचन गरेको कुरा नै हो।

माधवनेपालले युवालाई अध्यक्ष पद दिनतयार छु भनेको कुरालाई पनि केहीमान्छेले खिसिट्युरी गरे । तर तिनले एमालेमा युवालाई नेतृत्व देऊ भनेर अहिलेसम्म चुँ गर्न सकेका छैनन् । मलाई लाग्छ७० तिर पुगेपछि स्वत: रोल आउनेमा विश्वस्तभएरै चुपलागेको हुनुपर्छ । धेरै परसम्म सँगै हिंडेकाले त यसरी वचनलाउँछन् भने शुरुदेखि नै घचेटाघचेट गरेकाहरूले बचनलाउने कुरा ठीकै हो । तर के गाली गरेर समस्या समाधानहोला र ?पार्टी मजबुतहोला त ?एसमाजानबाटमान्छेहरूलाई रोक्न सकिएला त वा अब प्रदेशमा सरकार ढल्नबाटबचाउन सकिन्छ त?खोइ विचार, बुद्धि पुऱ्याएको ? राजनीतिमालाग्नेहरूकानिम्ति सम्बन्धको कुनै अर्थ रहन्नभन्छन् भुक्तभोगीहरू। समर्थन नगर्दा बानपाउँदाको दिन ऊ अर्कै भइसकेको हुन्छ। न स्थायीशत्रु, न स्थायीमित्र ! तर राजनीतिमा नैतिकताको भने ठूलो महत्व रहन्छ । तराईको गाउँकाअल्लि पुराना सत्तरी नाघेका मान्छेहरू के भन्छन् भने एउटै समूहबाटडाँका मारेकाहरूले पनि सँगै डाँका मारेको कुराको गोपनीयताएकार्काको दुश्मन नै बने पनिअरुका सामु र खासगरेर पुलिसका सामु खोल्दैनन् रे। अर्थात् भ्कोसपोल गर्दैनन्, यसलाई हिन्दीमामुखबिरी भन्छन्, त्यो नैतिकतातिनले कायम राख्छन्। तर यहाँ त आफ्नो बचाउको निम्तिटेलिभिजनमामिटिङको निर्णयका ढड्डै बोकेर देखापरे । यस्तो कार्य अशोभनीय त हो नै यसको अलावा यो गोपनीयताको घोर उल्लंघनपनिहो । यस्ताको बिश्वास कसरी गर्ने ?आफ्नै ठानेकाले त यस्तो गर्छन् भने शुरुदेखि नै तँतँ र म म गरेकाले नगर्ने कुरा भएन। तर, के यस्तो गरेर सम्बन्धमा सुधार ल्याउन सकिएला?भोलि बाटोमा भेट हुँदाकमरेड भनेर दह्रोसँग हातमिलाउन सकिएला?

पहिले एमाले बिभाजनहुँदाप्रदिपनेपालले लगाएकाबिभिन्नआरोपबाटमुक्तिपाउनअहिलेसम्म पनि सकेका छैनन् केहीकमरेडले। अहिले फेरि एकापसलाई नांगेझार पार्ने हरप्रयास भइरहेको छ । यसकालागिजागिरमा मान्छे राखिएको छ । कुनै समय एमबीले पुष्पलाललाई गद्दार भनेर पुस्तक नै छाप्नुभयो। तर, समयक्रममाएमबीको त्यो आरोप खारेज नै भयो, मिथ्या साबितभयो । तर, उहाँले लगाएको त्यो आरोपउहाँ स्वयंकालागिकालो धब्बाजस्तो भएको छ, हरपलपछ्याउँदै आइरहेको छ र इतिहासमाउहाँले त्यो गल्तीको सधैंभरि जवाफदिइरहनुपर्ने छ। अहिले मिथ्याआरोपलाउनेहरूले पनिइतिहासको कुनै कालखण्डमापछुताउनु पर्नेछ, जवाफदिएर फुर्सद पाउने छैनन्। कसैले चाहेर पनि संसद् बिघटनगलतथियो भन्ने कुरा इतिहासबाटकहिल्यै हटाउन सक्ने छैनन्।

त्यसको मकसद के थियो भन्ने कुराको पनिछिनोफानो हुने नै छ र इतिहासमामाधव नेपालगद्दार होइनन् र थिएनन् भन्ने कुरा नै लेखिनेछ। अझत्योभन्दापनिमाथिउनले दलगत राजनीतिभन्दाउठेर संसद् र संविधानलाई जोगाउने काम गरे भनेर लेखिने सम्भावनाप्रबल छ।

त्यसकारण राजनीतिक संस्कार अँगाली, भद्रता र शालिनताप्रदर्शन गरेर असहमतिका स्वरहरू उराल्नसिकौं । के गद्दार करार गर्दा एमालेको उचाइबढ्यो त ?अघिबढाएको भए फर्क भन्दाकिननफर्केको त भनेर ताना कस्दा मेलमिलापको वातावरणबन्यो त ?उतैकालाई अध्यक्षबनाए भैगो नि भन्दा के एमालेका युबाहरूले नेतृत्वपाउने वातावरणबन्यो ?कांग्रेसले समेत गर्न नसक्ने गालीअहिले गर्दै छ। यस्तो कामले कार्यकर्तालाई असहिष्णु बनाउनेछ, उग्र बनाउनेछ र अनादर गर्न हिम्मतप्रदान गर्नेछ। कृपयानिहित स्वार्थको निम्तिनिम्छरो बनेर जगत नहँसाउनुहोस्।

मदनभण्डारीको अवसानपछिपनिएमाले चल्यो, शेरबहादुर देउवाको नेतृत्वमापनिकांग्रेस चलेकै छ। झलनाथ-वामदेवबिनाएमाले चल्छ र माधव नेपालले पनि एस मज्जाले चलाउन सक्छन् भन्ने कुरालाई ख्याल राख्दै मर्यादामा बस्ने हो भने इतिहासले लखेट्ने पात्रबन्नुपर्ने छैन । सल्लाहमान्ने/नमान्ने यहाँहरूको विचार !

नेपाल सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था निर्देशनालय
यातायात व्यवस्था सेवा कार्यालय
प्रदेश नं. १
गाईघाट, उदयपुर

**सार्वजनिक जनहितमा जारी सूचना !**

- ट्राफिक नियम पालना गरौं ।
- सवारी चालक अनुमति पत्र लिएरमात्र सवारी साधन चलाऔं ।
- ब्लुकुक र सवारी चालक अनुमति पत्र समयमै नविकरण गरौं ।
- सडक पेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सबै सवारी साधन चालक महानुभावहरुले लेन अनुशासन कायम गरौं ।
- सवारी चालक महानुभावहरुले सडक पेटीमा बटुवाको ध्यानलाई मध्यनजर गरी सडक लेन अनुसार सवारी साधन चलाऔं ।

**त्रियुगा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर

**विषय : राजश्व छुट बारे सम्पूर्ण व्यवसायीहरुमा अनुरोध**

**यस त्रियुगा नगरपालिका क्षेत्र भित्र व्यक्तिगत रुपमा व्यापार व्यवसाय संचालन गर्नु हुने सम्पूर्ण व्यवसायीहरुले २०७८ असोज मसान्त भित्र व्यवसाय नविकरण गरेमा २५ % छुट दिने निर्णय भएको तथा भाडामा व्यवसाय संचालन गर्ने व्यवसायीको हकमा २०७८ असोज मसान्त भित्र वहाल कर बुझाएमा ३ महिनाको वहाल कर समेत छुट दिने निर्णय भएकोले तोकिएको समय भित्र आफ्नो व्यवसाय नविकरण गर्न हुन सवैमा जानकारी गराईन्छ ।**

**कर्मचारी करारमा लिने सम्वन्धी सूचना ।**
(प्रथम पटक प्रकाशित मिति २०७८/०६/११)

कटारी नगरपालिका, Ipas Nepal, CMC Nepal, महिला कानुन र विकास मञ्च तथा ABC Nepal को साझेदारीमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम संचालन गर्नका लागि देहायानुसारका मनोसामाजिक कार्यकर्ता (संयोजक) साथै कटारी नगरपालिका र ए. बी. सी. नेपाल मार्फत लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम अन्तर्गत सुरक्षावास काउन्सिलर र सुरक्षावास कार्यालय सुरक्षाकर्मी गार्ड करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र दिनको ५:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | विज्ञापन नं. | पद | माग पद | पारिश्रमिक तथा सेवा सुविधा (मासिक रु.) | परिक्षा दस्तुर(रु.) | कार्य अवधि |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७८/०७९ | मनोसामाजिक कार्यकर्ता (संयोजक) | १ जना | २५,०००/ | रु. ७०० | २०७९ असार २६ गते सम्म । |
| २ | ०२/०७८/०७९ | सुरक्षावास काउन्सिलर | १ जना | २०,०००/ | रु. ५०० | २०७८ पौष १५ गते सम्म । |
| ३ | ०३/०७८/०७९ | सुरक्षावास कार्यालय सुरक्षाकर्मी गार्ड | १ जना | १५,०००/ | रु. ३०० | २०७८ पौष १५ गते सम्म । |

आवश्यक योग्यता

क) मनोसामाजिक कार्यकर्ता (संयोजक): कम्तिमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकतह उत्तिर्ण भै ६ महिनाको मनोपरामर्शमा तालिम प्राप्त वा मनोपरामर्शमा पोष्ट ग्राजुएट हुन पर्ने वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने तथा कम्तिमा ३ महिनाको कम्प्यूटर कोर्ष समेत गरेको हुनपर्ने छ।

ख) सुरक्षावास काउन्सिलर: कम्तिमा मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ पास तथा स्नातक तह उत्तिर्ण भएकोलाई प्राथमिकता दिईनेछ वा सो सरह उत्तिर्ण भै कम्तीमा ३ वर्षको काउन्सिलर सम्बन्धीकार्य गरेको, ६ महिने काउन्सिलर तालिमको प्रमाण पत्र भएको, कम्तिमा ३ महिनाको कम्प्यूटर कोर्ष समेत गरेको हुनपर्ने छ।

ग) सुरक्षावास कार्यालय सुरक्षाकर्मी गार्ड : कम्तिमा ८ कक्षापास तथा ५ वर्ष सम्बन्धित क्षेत्रको कार्यानुभव भएको ।

उमेरको हद :
न्यूनतम १८ वर्ष पुगेको तथा अधिकतम पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

आवश्यक कागजातहरु : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको फोटोकपी, पासपोर्ट साईजको फोटो २ प्रति, बायोडाटा, शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकपी, कम्प्यूटर कोर्ष गरेको फोटोकपी, कार्यअनुभव/तालिम प्रमाणपत्रको प्रतिलिपि सहित आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित कटारी नगरपालिकामा पेश गर्नु पर्नेछ। समय भन्दा पछि आएका आवेदनहरुको उपरकारवाही गरिने छैन ।

छनौट प्रक्रिया:
संक्षिप्त सूचि तथा अन्तर्वार्ता ।

कटारी नगरपालिका, उदयपुर

Scanned with CamScanner